आज मिति २०८२ असार ०४ गते बुधवारका दिन नीलकण्ठ नगर-कार्यपालिकाको बैठक नगर प्रमुख श्री भीमप्रसाद ढुंगानाज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न प्रस्तावहरुमा छलफल तथा निर्णय गरियो।

<u>उपस्थिति</u>

१. नगर प्रमुख श्री भीमप्रसाद ढुंगाना

२. नगर उप-प्रमुख श्री दिपक विश्वकर्मा

३. प्रमुख प्रशासकीय अधिकृत श्री पुरुषोत्तम सुवेदी (सचिव)

४. वडा अध्यक्ष श्री गणेश वहादुर गुरुङ

५. वडा अध्यक्ष श्री ध्वज वहादुर गुरुङ

६. वडा अध्यक्ष श्री राजकुमार श्रेष्ठ

७. वडा अध्यक्ष श्री हरि वहादुर श्रेष्ठ

८. वडा अध्यक्ष श्री राम वहादुर श्रेष्ठ

९. वडा अध्यक्ष श्री भुपेन्द्र कुमार श्रेष्ठ

१०. वडा अध्यक्ष श्री गौतमहरि अधिकारी

११. वडा अध्यक्ष श्री प्रकाशकुमार श्रेष्ठ

१२. वडा अध्यक्ष श्री राजन वराइली

१३. वडा अध्यक्ष श्री सरोज पाण्डे

१४. वडा अध्यक्ष श्री राम वहादुर श्रेष्ठ

१५. वडा अध्यक्ष श्री धर्मराज भण्डारी

१६. वडा अध्यक्ष श्री सोम वहादुर गुरुङ

१७. वडा अध्यक्ष श्री नमराज दुवाडी

१८. कार्यपालिका सदस्य श्री चिनामाया श्रेष्ठ

१९. कार्यपालिका सदस्य श्री राम्री नेपाली

२०. कार्यपालिका सदस्य श्री छुनुमाया गुरुङ

२१. कार्यपालिका सदस्य श्री शान्ता थापा

२२. कार्यपालिका सदस्य श्री विशाल रोका

२३. कार्यपालिका सदस्य श्री लक्ष्मण रम्तेल

२४. कार्यपालिका सदस्य श्री मञ्जु थापामगर

२५. कार्यवाहक वडा अध्यक्ष श्री राजन अधिकारी

<u>अन्य आमन्त्रित उपस्थिति</u>

मितिः २०८२।०३।०४ गते

## बैठकमा छलफलका विषयहरु:

१. नगर सभा सञ्चालनका लागि प्रस्तुत कार्यसूचीका सम्वन्धमा।
२. आर्थिक वर्ष २०८२/०८३ को सभामा पेश हुने वार्षिक नीति तथा कार्यक्रमको छलफलका सम्वन्धमा।
३. आर्थिक वर्ष २०८२/०८३ को सभामा पेश हुने बार्षिक बजेट, योजना तथा कार्यक्रमका, आर्थिक विधेयक, विनियोजन विधेयकका सम्वन्धमा।
४. कार्यालय सञ्चालनका लागि आवश्यक रहेका कानुन तथा कार्यविधि निर्माण सम्वन्धमा।
   क. लघुउद्यमी दर्ता सम्वन्धी कार्यविधि,२०८२
   ख. आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्वन्धी कार्यविधि,२०८२
   ग. बाल क्लब तथा बाल सञ्जाल (गठन तथा व्यवस्थापन) सम्वन्धी कार्यविधि,२०८२
   घ. जेष्ठ नागरिक परिचयपत्र तथा जेष्ठ नागरिक सञ्जाल(व्यावस्थापन) कार्यविधि,२०८२
५. अन्य ऐन, नियम कानून कार्यविधिका सम्वन्धमा।
६. विभिन्न समितिवाट पेश भएको प्रतिवेदन नगर सभामा पेश गर्ने सम्वन्धमा।
७. योजना अनुगमन तथा मुल्याङ्कन समितिको प्रतिवेदनको सम्वन्धामा।
८. वडागत अनुगमन समिति गठन गर्ने सम्वन्धमा।
९. महालेखा परिक्षकको अन्तिम लेखा परिक्षण प्रतिवेदन तथा सो सम्वन्धी अन्य व्यवस्थापनका सम्वन्धमा।
१०. न्ययायिक समितिको प्रगति समिक्षाका सम्वन्धमा।
११. नगरपालिकाको आन्तरिक आयका सम्वन्धमा।
१२. कार्यसम्पादनका लागि आवश्यक सहजीकरण गर्ने सम्वन्धमा।
१३. नगरपालिकाको राजश्वको क्षेत्राधिकार/दायरा विस्तार गर्ने सम्वन्धमा।
१४. सुचमा आधारित अनलाइन राजश्व लागू गर्ने सम्वन्धमा।
१५. भौतिक पूर्वाधार एवम् सडक पूर्वाधारहरु निर्माण गर्दा पर्या पर्यटन तथा सम्वेदनशीलताको अध्ययन गर्ने सम्वन्धमा।
१६. आवश्यक समन्वय र सहकार्य गर्ने सम्वन्धमा।
१७. फिल्ड भत्ता सुविधाका सम्वन्धमा।
१८. खाजा खर्चका सम्वन्धमा।
१९. इन्धन व्यवस्थाका सम्वन्धमा।
२०. आन्तरिक सुविधाका सम्वन्धमा।
२१. सरकारी सवारी साधान मर्मत सुविधाका सम्वन्धमा।
२२. सवारी चालकहरुको अतिरिक्त सुविधाका सम्वन्धमा।
२३. राशन भत्ताका सम्वन्धमा।
२४. लोककल्याणका सेवाहरुको निरन्तरताका सम्वन्धमा।

२५. वडा कार्यालयहरुको कार्यालय सञ्चालनार्थ प्रशासनिक तथा अन्य विविध खर्चका सम्बनधमा।
२६. करार सेवाका कर्मचारीहरुको करार म्याद थप गर्ने सम्बन्धमा।
२७. रिक्त पदपूर्तिका लागि प्रदेश लोक सेवामा सिफारिस गर्ने सम्बन्धमा।
२८. स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फका सूचना प्रविधि अधिकृतको करार म्याद थप गर्ने सम्बनधमा।
२९. रकमान्तर गर्ने अधिकार अख्तियारी सम्बनधमा।
३०. संघीय सर्सत तथा प्रदेश सर्सत तर्फका करारका सेवा उपलब्ध हुने करारका कर्मचारीहरुका सम्वन्धमा।
३१. सक्सन भ्यइकल(सेफटी टयङ्कि सफाइ गर्ने गाडी। चालक र कामदारलाई प्रोत्साहन स्वरुप अन्य सुविधाका सम्बन्धमा।
३२. अपाङ्गता भएका व्यक्तिहरुको ("ग" वर्गको) विमाका सम्बन्धमा।
३३. नगरपालिकावाट संकलन असुल गर्नुपर्ने राजश्व संकलनमा/वडागत रुपमा उठेको कुल राजश्वको निश्चित रकम सम्वन्धित वडाहरुलाई उपलब्ध गराउने सम्बन्धमा।
३४. भगीनी सम्वन्धका सम्बन्धमा।
३५. बजेट निर्माणका क्रममा खटिएका कर्मचारीहरुलाई एक महिना वरावरको खाइपाइ आएको तालव प्रोत्साहन भत्ता स्वरुप दिने निर्णयका सम्बन्धमा।
३६. जिल्ला दररेट कायम गर्ने सम्बन्धमा।
३७. नीलकण्ठ नगरपालिका र गोरखा नगरपालिका बीचको भगिनि सम्वन्धमा सम्वन्धमा।
३८. बालमैत्री नगरपालिका घोषणका सम्बन्धमा।
३९. ठेक्काहरुको बोलकबोल भएको एकाइदरका सम्बन्धमा।
४०. औद्योगिक ग्रामका सम्बन्धमा।
४१. नीलकण्ठेश्वर पार्कका सम्बन्धमा।
४२. सेवा प्रवाहका विषयहरुमा।
४३. धादिङ फुटवल क्लवलाई भुक्तानी दिने सम्बन्धमा।
४४. जिल्ला स्तरीय राष्ट्रपति रनिङशिल्डको लागि आर्थिक सहयोग सम्बन्धमा।
४५. खुल्ला व्यायमशाला निर्माण गर्ने सम्बनधमा।
४६. सहकारी ऐन,२०७४ बमोजिम हुने गरी सञ्चालक समिति चयनका लागि पत्राचार गर्ने सम्बन्धमा।
४७. नीलकण्ठ नगरपालिका धादिङ र सामाजिक विकास मन्त्रालय बागमती प्रदेश हेटौंडाको साझेदारीमा सञ्चालित गृहिणी महिला सशक्तिकरण कार्यक्रमका सम्बन्धमा।
४८. छात्रवृति रकम उपलब्ध गराउने सम्बन्धमा।
४९. योजना तथा कार्यक्रमहरु संशोधन गर्ने सम्बन्धमा।
५०. दमकल २४ सै घण्टा सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाउने सम्बन्धमा।
५१. वन वातावरण तथा विपद् व्यवस्थापन समितिको निर्णयहरुका सम्बन्धमा।

५२. नगर कार्यपालिकाका निर्णयहरु समिक्षा गर्ने सम्वन्धमा।

५३. अन्य विविध विषयहरुका सम्वन्धमा।

- स्वागत गेट ११ नं. वडा
- गोरुजुधाइको प्रोत्साहान रकम:१ ५ र १४
- मंच सजावट र साउण्ड सिस्टमको रकम १ नं. वडा
- कोभर बोका वितरण वडा नं.१
- हात्ती गैंडा (फाइवर) को दररेट स्वीकृत

नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको बैठक

मितिः २०८२।०३।०४ गते

**निर्णयहरुः**

१. नगर सभा सञ्चालनका लागि प्रस्तुत कार्यसूचीका सम्बन्धमा:

यस नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ मा कार्यान्वयन हुने नीति, कार्यक्रम तथा बजेटका सम्बन्धमा नगरपालिकाको १७ औं अधिवेशनमा देहाय बमोजिम हुने गरी कार्यसूची स्वीकृत गर्ने निर्णय गरियो।

तपसिल

कार्यसूची र समय तालिका

| | | | | |
|---|---|---|---|---|
| बैठक संख्या: १ | | | मिति:२०८२।०३।०६ | |
| अध्यक्षता: श्री भीमप्रसाद ढुंगाना | | | स्थान: धादिङवेसी, धादिङ | |
| मिति | समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
| २०८२।०३।०६ | बिहान ११:०० बजे | राष्ट्रिय धुन बजाउने | | |
| २०८२।०३।०६ | बिहान ११:०५ बजे | बैठक प्रारम्भ | सभाध्यक्ष (नगरप्रमुख) | |
| २०८२।०३।०६ | बिहान ११:०५ बजे | प्रमुखबाट नीति तथा कार्यक्रम प्रस्तुती | नगर प्रमुख | |
| २०८२।०३।०६ | बिहान ११:२५ बजे | नीति तथा कार्यक्रम माथि छलफल तथा स्वीकृती | नगर सभा सदस्य।प्रतिसदस्य बढीमा ५ मिनेट। | |
| २०८२।०३।०६ | बिहान ११:५५ बजे | चालु आ.व.को बजेट पत्र | उपप्रमुख | |
| २०८२।०३।०६ | दिउसो १२:१० बजे | चालु आ.व.को बजेट उपर छलफल | नगर सभा सदस्य।प्रतिसदस्य बढीमा ५मिनेट। | |
| २०८२।०३।०६ | दिउसो १२:३० बजे | चालु आ.व.को बजेट उपर छलफल गरी स्वीकृत | सभाध्यक्ष (नगरप्रमुख) | |
| २०८२।०३।०६ | दिउसो १२:३५ बजे | निर्मित ऐन,कानुनहरुको मस्यौदाहरु प्रस्तुत | | |
| २०८२।०३।०६ | दिउसो १२:४५ बजे | प्रस्तुत विधेयकमा टिप्पणी र निर्णयार्थ पेश | | |
| २०८२।०३।०६ | दिउसो १:४५ बजे | विभिन्न समितिहरुको प्रतिवेदन पेश, टिप्पणी र निर्णयार्थ पेश | | |
| २०८२।०३।०६ | दिउसो २:०० बजे | विविध विषयमा प्रस्ताव पेश, टिप्पणी र निर्णयार्थ पेश | | |
| २०८२।०३।०६ | दिउसो २:३० बजे | बैठक समापन | | |

२. आर्थिक वर्ष २०८२/०८३ को सभामा पेश हुने वार्षिक नीति तथा कार्यक्रमको छलफलका सम्बन्धमा:

नीलकण्ठ नगरपालिकाको नगर सभाको १७ औं अधिवेशनमा सभाका अध्यक्ष एवम् नगर प्रमुख श्री भीमप्रसाद ढुंगानाज्यूले सभामा प्रस्तुत गर्नु हुने यस नगरपालिकाको आगामी

आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम उपर बुँदागत रुपमा छलफल गरी कार्यपालिका सदस्यहरुले राखेका सुझावहरु एवम् प्रश्नहरु, जिज्ञासाहरुलाई उचित सम्बोधन गरी परिमार्जन सहित तयार पारिएको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

३. आर्थिक बर्ष २०८२/०८३ को सभामा पेश हुने बार्षिक बजेट, योजना तथा कार्यक्रम, आर्थिक विधेयक, २०८२, बिनियोजन विधेयक, २०८२ का सम्बन्धमा:
नगर उप-प्रमुख श्री दिपक विश्वकर्माज्यूले नगर सभामा प्रस्तुत गर्नु हुने आ.व. २०८२/०८३ को बजेट, योजना तथा कार्यक्रम, बिनियोजन विधेयक, २०८२ र आर्थिक विधेयक, २०८२ उपर बुँदागत रुपमा छलफल गरी कार्यपालिका सदस्यहरुले राख्नु भएका सुझावहरु एवम् प्रश्नहरु, जिज्ञासाहरुलाई उचित सम्बोधन गरी अन्तिम स्वरुप दिइ तयार गरिएको बजेट तथा कार्यक्रम र विधेयकहरु नगर सभामा पेश गर्ने निर्णय गरियो।

४. कार्यालय सञ्चालनका लागि आवश्यक रहेका कानून तथा कार्यविधि निर्माण सम्बन्धमा:
यस नगरपालिकाको कार्य-सम्पादनलाई व्यवस्थित बनाउनको लागि निम्नानुसारका कार्यविधिहरु अत्यावश्यक भएकाले निर्माण भै यस कार्यपालिकाको बैठकबाट आवश्यक स्वीकृतिका लागि पेश भएको हुँदा निर्मित कार्यविधिहरुको मस्यौदा उपर छलफल भए बमोजिम प्राप्त सुझावहरु समावेश गरी देहाय बमोजिमका कानून/कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो।

तपसिल

क. लघुउद्यमी दर्ता सम्बन्धी कार्यविधि,२०८२
ख. आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) सम्बन्धी कार्यविधि,२०८२
ग. बाल क्लब तथा बाल सञ्जाल सम्बन्धी कार्यविधि,२०८२
घ. जेष्ठ नागरिक परिचयपत्र तथा जेष्ठ नागरिक सञ्जाल(व्यावस्थापन) कार्यविधि,२०८२

५. अन्य ऐन, नियम कानून कार्यविधिका सम्बन्धमा:
यस नगरपालिकाको कार्य-सम्पादनलाई व्यवस्थित बनाउनको लागि आवश्यक पर्ने ऐन, कानून कार्यविधिहरु निर्माणका लागि आवश्यकताका आधारमा मस्यौदा तयार गर्ने सैद्धान्तिक सहमति दिने निर्णय गरियो।

६. **विभिन्न समितिबाट पेश भएको प्रतिवेदन नगर सभामा पेश गर्ने सम्बन्धमा:**
यस अवधिमा पूर्वाधार विकास समिति, सामाजिक विकास समिति, संस्थागत विकास तथा सुशासन समिति, न्यायिक समिति, विधायन समिति, आर्थिक विकास समिति, वातावरण तथा विपद् व्यवस्थापन समिति, नगर शिक्षा समिति र लेखा समितिका संयोजकहरुले पेशगर्नु भएको समितिहरुवाट सम्पादित कामहरुको प्रतिवेदन अनुमोदन गर्दै समितिहरुवाट भएका सम्पूर्ण निर्णयहरु स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

७. **योजना अनुगमन तथा मूल्याङ्कन समितिको प्रतिवेदनका सम्बन्धमा:**
आ.व २०८१/२०८२ मा सञ्चालित योजना अनुगमन तथा मुल्यांकन समितिवाट अनुगमन मूल्याकन भै कार्यपालिका समक्ष पेश भएको प्रतिवेदन उपर छलफल भै योजना अनुगमन तथा मुल्याङ्कन समितिले फरफारक गरेको योजनाहरु र सो बमोजिम भएको सम्पूर्ण भुक्तानी स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

८. **वडागत अनुगमन समिति गठन गर्ने सम्बन्धमा:**
सबै वडाहरुमा वडा अध्यक्षको संयोजकत्वमा, वडा समितिले तोकेको एक जना सदस्य, सम्बन्धित वडाको प्राविधिक र वडा सचिव सदस्य सचिव हुने गरी एक वडा स्तरिय अनुगमन समिति गठनलाई निरन्तरता दिने निर्णय गरियो। सम्बन्धित वडा भित्रका पूर्वाधार निर्माण र सामाजिक विकासको क्षेत्रमा गरिएका विकास निर्माण र कार्यक्रमहरुलाई उक्त वडास्तरीय अनुगमन समिति मार्फत अनुगमन गराई अनुगमन समितिलाई पूर्ण जिम्मेवारी वनाई कार्यसम्पादन स्तरलाई थप प्रभावकारी बनाउने साथै रु २ लाख सम्मका योजनाको अनुगमनमा उक्त वडा स्तरीय अनुगमन समितिको प्रतिवेदनलाई नै भुक्तानीका लागि स्वीकार गर्ने निर्णय अनुमोदनका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

९. **महालेखा परिक्षकको अन्तिम लेखा परिक्षण प्रतिवेदन तथा सो सम्बन्धी अन्य व्यवस्थापनका सम्बन्धमा:**

आ.ब. २०८०/२०८१ तथा २०८१/०८२ मा लेखा समितिको बैठकवाट नियमित गर्न सिफारिस गरिएको नियमित गर्नुपर्ने वेरुजुलाई नगर कार्यपालिका बैठकवाट स्वीकृत भै पेश

भए बमोजिम दोस्रो नगर सभाको पाँचौ अधिवेशनबाट नियमित गर्न एवम् लेखा परिक्षण प्रतिवेदनमा औंल्याइएको बेरुजुहरुको फछ्यौट तर्फ आवश्यक कारवाही गरी सुझावहरुको कार्यान्वयन गर्न र अन्तिम लेखा परिक्षण प्रतिवेदनले औंल्याइएको बेरुजुहरुको सम्बन्धमा प्रमाण कागज र पुष्टयाँइ संलग्न गरी समपरिक्षणका लागि महालेखा परिक्षकको कार्यालयको डोर समक्ष पेश गर्ने तपसिल बमोजिमका निर्णय अनुमोदनका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

<u>क. प्रारम्भिक प्रतिवेदनको बुदाँ नं. ४३ भुक्तान गरिएको राशन भत्ता रकम नियमित गर्ने सम्बन्धमाः</u>

गत विगत् देखि नै कार्यरत नगर प्रहरीहरुलाई सम्झौता अवधि थप गरी काममा लगाउने गरिएकोमा उक्त सम्झौतामा राशन भत्ता उपलब्ध गराउने भन्ने विषय लेख्न छुटेको देखिन्छ। मिति २०८०/०३/०७ गते बसेको नगर सभाको निर्णय नं ३० मा आ.व. २०८०/०८१ को श्रावण १ गते देखी लागु हुने गरी रासन भत्ता उपलब्ध गराउने भन्ने निर्णय भए अनुसार सो रकम उपलब्ध गराइएको थियो।

नगर प्रहरीलाई दिनरात सुरक्षा व्यवस्थाका साथै अतिरिक्त समय विपद्को तयारी अवस्थामा रहन तथा विपद्मा खटिन ड्युटी तोकि काममा लगाइएको हो। यसरी काममा लगाउदा विपद् प्रतिकार्य छिटो भई हुनसक्ने धनजनको क्षती रोक्न सकिएको र बिदा तथा कार्यालय समयबाहेकको समयमा तत्काल गर्नुपर्ने अन्य कार्यहरु गर्न सहयोग पुगेको छ। यसरी काममा लगाउदा अन्य कुनै अतिरिक्त सुविधा उपलब्ध नगराइएको हुँदा यस्तो अवस्थामा कम्तिमा खानाको सुविधा दिन मनासीब भएकाले नगरसभाको निर्णयानुसार रासन भत्ता उपलब्ध गराईएको र श्रम कानून तथा मानवीय हिसाबले पनी सो दिनु अपरिहार्य देखिन्छ। नेपाल प्रहरीलगायत अन्य सुरक्षा निकायलेसमेत यस्तो खालको सुविधा कानूनमै व्यवस्था गरी उपलब्ध गराईरहेको देखिन्छ।

तसर्थ सबै नगर प्रहरी करारमा कार्यरत भएकाले लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनले औंलाईए बमोजिम अब उप्रान्त सेवा करार सम्झौतामा नै रासन भत्ता दिने उल्लेख गरेर मात्र त्यस्तो सुविधा दिने र नगर प्रहरीको २०८१/०४/०१ गते देखि लागुहुने गरी गरिएको करार सम्झौतामा राशन भत्ता पाउने भन्ने व्यवस्था राखिईसकेकाले पुनः त्यस्तो त्रुटी हुने सम्भावना नभएको र आगामी दिनमा नहुने प्रवन्ध कार्यालयले मिलाउने गरी प्रारम्भिक प्रतिवेदनमा औंलाइएको रकम २०८०/०८१ मा उपलब्ध गराइसकिएकाले राशन भत्तामा भएको खर्चको नयाँ आर्थिक वर्ष २०८१/०८२ मा सुधार गरिएको करार सम्झौता प्रणालीमा अपलोड गर्ने र उक्त खर्चबाट सरकारी हानी नोक्सनी नभएको देखिएको तथा आगामी दिनमा पर्याप्त छलफल गरी वित्तिय सुशासन कायम गर्दै खर्च गर्न समेत सुझाव सहित नगर कार्यपालिका र नगरसभाले जिम्मेवारी लिने गरी उल्लेखित विषयमा बेरुजु छलफल तथा नियमित गर्ने प्रयोजनको लागि सिफारिस गर्ने सर्वसम्मत निर्णय गरी स्वीकृतिका लागि नगर कार्यपालिका र नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो।

ख. प्रारम्भिक प्रतिवेदनको बुदाँ नं. ४७ उपप्रमुखको सचिवालयमा सहयोगीलाई भुक्तानी भएको रकम नियमित गर्ने सम्बन्धमा:

उपप्रमुखको सहयोगी श्रीकृष्ण रिजाललाई दिइएको भुक्तानी नियमसंगत नदेखिएको भनी प्रारम्भिक प्रतिवेदनमा औंलाईएको सम्बन्धमा नीजलाई करारमा राख्दा कार्यालयको स्वीकृत कार्यालय सहयोगको दरबन्दीमा नै कार्यालय सहयोगीको पदमा सार्वजनिक सूचना गरी सबै प्रक्रिया पुरा गरी छनौट सिफारिस भै कार्यालय सहयोगी पदमै करारमा राखि काममा लगाईएको तर सम्झौतामा उपप्रमुखको सचिवालयमा सहयोगी हुन गएको देखिन्छ। उपप्रमुखलाई कार्यमा सहजिकरण र सहयोग गर्न छुट्टै कर्मचारी र दरबन्दी नरहेता पनि कार्यालयमा एक जना कार्यालय सहयोगी आवश्यक भएको र सोको लागि कार्यालयको स्वीकृत दरबन्दी भित्रकै कार्यालय सहयोगीलाई लगाउनु उपयुक्त हुने देखिन्छ।

पछिल्लो समय २०८१।०४।०१ गते देखि लागू हुने गरी यस कार्यालयबाट नीजसंग गरिएको सम्झौतामा कार्यालयमा कार्यालय सहयोगीको रुपमा कार्य गर्नेगरी कार्यालय सहयोगीको पद तथा कार्यविवरण अनुसारको कार्य गर्नुपर्ने भनी उल्लेख भएको छ। कार्यालयले आवश्यकतानुसार कार्यालयको विभिन्न काममा खटाउने भएकाले उपप्रमुखको सचिवालयको कार्य गर्ने भनी तोकिएको छैन।

तसर्थ कार्यालयको स्वीकृत दरबन्दी भित्रै कार्यालय सहयोगी पदमा कार्य गर्न सम्झौतासमेत भई सकेकाले अब उप्रान्त नीजलाई पद अनुसारको कार्य बाहेक अन्य कार्यक्रमको लागि कुनै पेश्की तथा रकम उपलब्ध नगराउन कार्यालयले आवश्यक प्रवन्ध गर्न लगाउने गरी प्रारम्भिक प्रतिवेदनले औंल्याएको २०८०।०८१ मा निजलाई भुक्तानी गरिएको पारिश्रमिक र अन्य खर्चबापत भएको खर्च अनुमोदन गर्ने र आर्थिक वर्ष २०८१/०८२ को कैफियत सुधार गरिएको करार सम्झौता प्रणालीमा अपलोड गर्न अनुरोध गर्ने। साथै उक्त खर्चबाट सरकारी हानी नोक्सनी नभएको देखिएको र आगामी दिनमा पर्याप्त छलफल गरी वित्तिय सुशासन कायम गर्दै खर्च गर्न समेत सुझाव सहित नगर कार्यपालिका र नगरसभाले जिम्मेवारी लिने गरी उल्लेखित बिषयमा बेरुजु छलफल तथा नियमित गर्ने प्रयोजनको लागि सिफारिस गर्ने सर्वसम्मत निर्णय गरी स्वीकृतिका लागि नगर कार्यपालिका र नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो।

ग. <u>प्रारम्भिक प्रतिवेदनको बुदाँ नं. ४९ आन्तरिक लेखा परीक्षकलाई भुक्तानी गरिएको खर्च नियमित गर्ने सम्बन्धमा:</u>

यस कार्यालयमा आ.ले.प. अधिकृत पदमा कार्यरत नारायणप्रसाद न्यौपानेको २०८१।०३।११ गतेदेखि लागु हुनेगरी स्वेच्छिक अवकाश स्विकृत भएको र सो मिति भन्दा अगाडी नीज यस कार्यालयमा नियमानुसार हाजिर भई Pre-audit कार्य गरेको र नीजलाई नियमानुसार पारीश्रमिक उपलब्ध गराईएको देखिन्छ। लेखापरिक्षणको प्रारम्भिक प्रतिवेदनले सो व्यहोरा औंल्याईसके पछी निजलाई प्रतिवेदन बुझाउनको लागि यस कार्यालयबाट पत्राचारसमेत गरिसकिएको थियो।

आगामी दिनमा यस्तो अवस्था आउन नदिन र यस्ता बुझाउनुपर्ने प्रतिवेदन समयमै कार्यालयमा बुझाउन लगाउने तथा अवकाश वा रमानापत्र दिनुपूर्व त्यस्तो सबै विवरण कर्मचारीबाट प्राप्त भएको व्यहोरा सुनिश्चित गर्न कार्यालयले आवश्यक व्यवस्था मिलाउने र यस आर्थिक बर्षमा छुटैं आ को व्यवस्था हुन नसकेमा.प.ले.आलेपको लागि कोष तथा लेखा नियन्त्रक कार्यालय धादिङलाई अनुरोध गरी गत आर्थिक वर्षको आन्तरीक लेखा परीक्षण प्रतिवेदन संलग्न गरी प्रणालीमा अपलोड गर्ने। साथै उक्त खर्चबाट सरकारी हानी नोक्सानी नभएको देखिएको र आगामी दिनमा पर्याप्त छलफल गरी वित्तिय सुशासन कायम गर्दै खर्च गर्न समेत सुझाव सहित नगर कार्यपालिका र नगरसभाले जिम्मेवारी लिने गरी उल्लेखित विषयमा बेरुजु छलफल तथा नियमित गर्ने प्रयोजनको लागि सिफारिस गर्ने सर्वसम्मत निर्णय गरी स्वीकृतिका लागि नगर कार्यपालिका र नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो।

छ. <u>प्रारम्भिक प्रतिवेदनको बुदाँ नं. ६१ विद्यार्थी संख्या अनुपात भन्दा बढी बालविकास सहजकर्ताहरुलाई भुक्तान गरिएको रकम नियमित गर्ने सम्बन्धमा:</u>

नेपालको संविधान, २०७२ अनुसार बालबालिकाहरुले बचाउ, विकास, संरक्षण र सहभागिता सम्बन्धी अधिकार नैसर्गिक रुपमा प्राप्त गर्नु पर्ने व्यवस्था छ। बाल बचाउ, विकास, संरक्षण र सहभागिताका लागि शिक्षा आधारभूत विषय हो। बालबालिकाहरुको शिक्षाको अधिकार स्थापित गर्न संविधानमा आधारभूत तह तथा माध्यमिक तह सम्मको सम्पूर्ण सञ्चालकीय तथा व्यवस्थापकीय जिम्मेवारी स्थानीय तहको रहेको छ।

तर यति हुदा हुदैं पनि शिक्षक दरबन्दी मिलान कार्य संघीय सरकारबाट हुनु पर्ने व्यवस्था रहेको छ, यस नगरपालिकामा सो दरबन्दी मिलान कार्य हाल सम्म पनि तहगत रुपमा गरिएको छैन। बि.स. २०५६।५७ देखि शिक्षक दरबन्दी थप गरिएको छैन। जसबाट बालबालिकाहरुको गुणस्तरीय रुपमा पढन पाउने अधिकार खुम्चिएको छ। स्थानीय तहहरु स्थापना भए पश्चात २०७३ पछी शिक्षा तथा मानव स्रोत केन्द्र, सानोठिमी भक्तपूरको दरबन्दी बितरणका आधारमा नीलकण्ठ नगरपालिकाले १०६ वटा प्रारम्भिक बाल विकास सहजकर्ता कोटा प्राप्त गरेको छ। जस अनुसार यस न.पा.मा बालविकासहरु विधालयमा

आधारित तथा समुदायमा आधारित रुपमा सञ्चालनमा छन्। यी दरवन्दीहरु नीलकण्ठ नगरपालिकाले सृजना गरेको नभई तत्कालिन जिल्ला शिक्षा कार्यालय तथा शिक्षा विभागद्वारा सृजना तथा नियुक्ति गरिएको हो। यस नगरपालिकालाई दरबन्दी तथा सोको पारिश्रमिक संघीय ससर्त रकमको रुपमा हस्तान्तरण गरिएको तथा निज नियुक्त वालशिक्षकहरुको पेशागत सुरक्षाको संरक्षण गर्नुपर्ने प्रत्यक्ष जिम्मेवारी नीलकण्ठ नगरपालिकालाई आएको छ।

सो दरवन्दीहरुलाई विषय शिक्षक दरवन्दी आवश्यकता तथा विद्यालय समायोजनका आधारमा विद्यालयहरुमा वितरण गरी कार्य जिम्मेवारी विद्यालयहरुबाट तोकिएको छ जसमा न्यून विद्यार्थी रहेका प्रारम्भीक वालविकास छन ति विद्यालयहरुले योग्यताका आधारमा वालविकास सहजकर्ताहरुलाई माथिल्ला कक्षाहरुमा जिम्मेवारी दिइ विषयगत शिक्षक अभावलाई न्युनिकरण गर्दै आइरहेका छन। उक्त कार्यसंग सम्बन्धित विद्यालय व्यवस्थापन समिति र विद्यालयका निर्णय तथा विद्यालयको दैनिक कार्यतालिकाले पुष्टि गरेको छ।

<u>प्रारम्भिक प्रतिवेदनमा उल्लिखित विद्यालयहरुको तथ्याङ्किय विवरण</u>

| क्र. स. | विद्यालयको नाम | सञ्चालित कक्षा | स्वीकृत शिक्षक दरवन्दी | कार्यरत ईसिडी दरवन्दी | पदपूर्तिको अवस्था |
|---|---|---|---|---|---|
| १ | प्रकाश मा.वि, नी.न.पा.-१ | ECD देखि १२ कक्षा सम्म | १० | २ | पदपूर्ति भएको |
| २ | मनकामना देवि आ.वि, नी.न.पा.-५ | ECD देखि ८ सम्म | ६ | २ | पदपूर्ति भएको |
| ३ | फोनी आ.वि, नी .न.पा.-५ | ECD देखि कक्षा ८ सम्म | ५ | २ | पदपूर्ति भएको |
| ४ | अन्नपूर्ण आ.वि, नी.न.पा.-२ | ECD देखि कक्षा ८ सम्म | ३ | २ | पदपूर्ति भएको |

माथि उल्लिखित विद्यालयहरुको सञ्चालित कक्षाको आधारमा स्वीकृत दरवन्दी अति न्यून रहेको छ। यो समस्यालाई न्यूनीकरण गर्न ECD दरवन्दीको वितरणले धेरै सहयोग गरेको छ।

विभिन्न समयमा वालविकास सहजकर्तालि स्थायित्व तथा अधिकार प्राप्तिका लागि गरेका प्रयासबाट नेपाल सरकार संग भएको सम्झौतामा वालविकास सहजकर्ताहरुलाई आन्तरिक

प्रतिस्पर्धा गराइ स्थायी गर्ने व्यवस्था समेत राखेको देखिएकाले उहाहरुलाई तत्काले सेवाबाट बिदाइ दिन सकिने अवस्था छैन।

नीलकण्ठ नगरपालिका नगर कार्यपालिकाबाट स्वीकृत भएको सामुदायिक विद्यालय समायोजन कार्यविधि, २०७९ मा ECD कक्षामा विधार्थी संख्याको मापदण्ड न्यूनतम् ५ जना तोकिएको छ। सो कारणले पनि माथि उल्लिखित विद्यालयहरुले ECD सहजकर्ता फिर्ता दिने र नगरपालिकाले अर्को विद्यालयमा वितरण गर्ने आधार कमजोर देखिन्छ।

यस नगरपालिकामा सञ्चालित सम्पूर्ण विद्यालयहरुको तहगत रुपमा शिक्षक दरबन्दी मिलान कार्य शिक्षा तथा मानव स्रोत केन्द्रद्वारा हुन बाँकी रहेको सन्दर्भमा यस नगरपालिकाले विद्यालयहरुमा पूर्ण रुपमा शिक्षक दरबन्दी दिन नसकेको र ECD सहजकर्ताहरुलाई पनि संघीय मापदण्ड बमोजिम कार्य जिम्मेवारी दिइ दरबन्दी मिलान गर्न असमर्थ रहेको छ। यदि निकट भविष्यमा सम्पूर्ण विद्यालयहरुको तहगत रुपमा शिक्षक दरबन्दी मिलान कार्य शिक्षा तथा मानव स्रोत केन्द्रद्वारा भए सम्पूर्ण ECD सहजकर्ताहरुलाई पनि संघीय मापदण्ड बमोजिम २५ जना बालबालिकाहरु बराबर १ जना हुने गरी दरबन्दी मिलान गरिने साथै बढी हुन आउने ECD सहजकर्ताहरुलाई पुल दरबन्दीमा राखि संघीय सरकारलाई पूर्ण रुपमा फिर्ताकालागि सहयोग गर्ने प्रतिवद्धता गरी नियमित गर्नको लागि प्रणालिमा अपलोड गर्ने। साथै उक्त खर्चबाट सरकारी हानी नोक्सानी नभएको देखिएको र आगामी दिनमा पर्याप्त छलफल गरी वित्तिय सुशासन कायम गर्दै खर्च गर्न समेत सुझाव सहित नगर कार्यपालिका र नगरसभाले जिम्मेवारी लिने गरी उल्लेखित विषयमा बेरुजु छलफल तथा नियमित गर्ने प्रयोजनको लागि सिफारिस गर्ने सर्वसम्मत निर्णय गरी स्वीकृतिका लागि नगर कार्यपालिका र नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो।

१०. <u>न्यायिक समितिको प्रगती समिक्षाका सम्बन्धमा:</u>

न्यायिक समितिका संयोजक एवम् उपप्रमुख श्री दिपक विश्वकर्माज्यूबाट प्रस्तुत मिति २०८२ जेठ मसान्तसम्म न्यायिक समितिद्वारा सम्पादित कार्यको प्रतिवेदन उपर छलफल भै उक्त प्रतिवेदन स्वीकृति गर्ने निर्णय गरियो। साथै न्यायिक समितिबाट पेश भएको ४५ जना

मेलमिलापकर्ताहरुको अध्यावधिक सूची अनुमोदनका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

११. नगरपालिकाको आन्तरिक आयका सम्बन्धमा:

यस नगरपालिकाको आन्तरिक आय स्रोतलाई वृद्धि गर्न नगरपालिकाको विभिन्न क्षेत्रमा सञ्चालित व्यवसायहरुलाई दर्ता/नविकरणको दायरामा ल्याउन र घरवहाल कर संकलन अभियानलाई सशक्त रुपमा सञ्चालन गरी राजश्व संकलन वृद्धि गर्न उद्योग वाणिज्य संघ, चेम्बर अफ कमर्श, नागरिक समाज, टोल विकास महासंघ एवम् सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय र सहकार्य गरी सशक्त रुपमा कर संकलन अभियान सञ्चालन गर्ने निर्णय अनुमोदनका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

१२. कार्यसम्पादनका लागि आवश्यक सहजीकरण गर्ने सम्बन्धमा:

नीलकण्ठ नगरपालिकाको १७ औं अधिवेशनबाट चालु आ.व.२०८२/०८३ मा कार्यान्वयन हुने गरी स्वीकृत नीति, बजेट तथा कार्यक्रमहरु समयमै सम्पन्न गर्ने नगरपालिकाका सम्पूर्ण कार्यालयहरुमा आवश्यक सहजीकरण गर्ने र कार्यान्वयनका शिलशिलामा केहीं बाँधा अड्काउ उत्पन्न भएमा नगर कार्यपालिकाको निर्णयबाट दैनिक प्रशासन सञ्चालनका लागि सहजीकरण गर्ने निर्णय गरियो।

१३. नगरपालिकाको राजश्वको क्षेत्राधिकार/दायरा विस्तार गर्ने सम्बन्धमा:

नगरपालिकाको क्षेत्राधिकार भित्र राजश्वको दायरा विस्तार गर्ने, राजश्वका दरहरुमा संशोधन गर्ने, राजश्वको नयाँ क्षेत्र पहिचान गर्ने लगायत राजश्व परामर्श समितिको सिफारिसमा राजश्व सम्बन्धी सम्पूर्ण कार्य व्यवस्थित गरी कार्यान्वयन गर्न नगर कार्यपालिकालाई अख्तियारी दिने निर्णय अनुमोदनका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

१४. सुत्रमा आधारित अनलाइन राजश्व लागू गर्ने सम्बन्धमा:

यस नगरपालिकाबाट लिईदै आएको राजश्वहरु आ.व. २०८२/०८३ भित्र सुत्रमा आधारित अनलाईन माध्यमको प्रयोग गरी वडावस्ति/घर/हरुबाटै राजश्व संकलन गर्ने गरी आवश्यक तयारी गर्ने र त्यसलाई थप व्यवस्थित बनाई नागरिकहरुलाई सहज र सुलभ तवरबाट सेवा सुविधा उपलब्ध गराउने व्यवस्था नगर कार्यपालिकाको कार्यालयले मिलाउने निर्णय अनुमोदनका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

१५. भौतिक पूर्वाधार एवम् सडक पूर्वाधारहरु निर्माण गर्दा पर्या पर्यटन तथा सम्वेदनशीलताको अध्ययन गर्ने सम्बन्धमा:

सडक पूर्वाधार निर्माण गर्दा नाली टेवा/पर्खाल बायो इन्जिनियरिङमा जोड दिंदै सबै मौसममा यातायात चल्न सक्ने ग्रावेलसमेतको स्तरोन्नती हुने गरी नयाँ कटिङलाई न्यूनिकरण गर्दै सडक सीमा क्षेत्रसमेत स्पष्ट गरी वातावरणमैत्री भौतिक पूर्वाधार निर्माणमा जोड दिने निर्णय गरियो। साथै पूर्वाधार तर्फ स्वीकृत योजना कार्यान्वयन गर्दा पर्या पर्यटन तथा विपद् व्यवस्थापनलाई टेवा पुग्याउने गरी निश्चित ३ प्रतिशत रकम कट्टा गरी विपद् व्यवस्थापन कोषमा जम्मा हुने प्रवन्ध मिलाइ जोखिम तथा पर्या पर्यटन एवम् विपद् व्यवस्थापनका लागि कार्यान्वियन गर्ने व्यवस्थाका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

१६. आवश्यक समन्वय र सहकार्य गर्ने सम्वन्धमा:

क. संघीय र प्रदेश सरकार मार्फत नीलकण्ठ नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने कार्यक्रम तथा योजनाहरुमा दोहोरोपन हुन नदिन नगरपालिकासँगको आवश्यक समन्वय र सिफारिसमा मात्र बजेट विनियोजन तथा कार्यान्वयन गर्ने व्यवस्था मिलाउनका लागि नेपाल सरकार तथा प्रदेश सरकार समक्ष अनुरोध गर्ने निर्णय कार्यान्वयनका लागि नगर सभामा पेश गर्ने गरियो।

ख. संघीय तथा प्रदेश सरकार एवम् अन्य दातृ निकायबाट योजना/कार्यक्रम सञ्चालन हुने गरी नगरपालिकाको योजना/कार्यक्रममा समेत वा साझेदारी लगानी हुने अवस्था भएमा

लागत स्टीमेट र प्रक्रिया प्रारम्भ गर्नुपूर्व नै समन्वय तथा सम्झौता हुनुपर्ने व्यवस्था मिलाउने कार्यका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

१७. फिल्ड भत्ता सुविधाका सम्बन्धमा:

नगरपालिकाको विभिन्न योजना/कार्यक्रमहरुको लागत तयार गर्न, नापजाँच, मुल्याङ्कन गर्न, प्राविधिक सहयोग/सल्लाह दिन एवम् अनुगमन गर्न स्थलगत रुपमा जानु पर्दा पटक पटक भ्रमण आदेश, भ्रमण बिल भुक्तानी नगरी मासिक रुपमा एकमुष्ट रकम तोकि दिने व्यवस्था अवलम्बन गर्नु आर्थिक एवम् प्रशासनीक दृष्टिकोणबाट सहज हुने देखिएको हुँदा नगरकार्यपालिकामा कार्यरत कर्मचारीलाई अर्को व्यवस्था नभए सम्मका लागि निम्नानुसार फिल्ड भत्ता मासिक रुपमा उपलब्ध गराउने तर महिनामा १० दिन भन्दा बढी समय बिदा/अन्यत्र काज बसेका कर्मचारीलाई यस्तो सुविधा अनुपस्थित भएको दिनको समानुपातिक रुपमा कट्टा गरेर मात्र भुक्तानी दिने व्यवस्था मिलाउने निर्णय कार्यान्वयनका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

फिल्ड भत्ता (नगरपालिका क्षेत्र भित्र)

क) इन्जिनियर/सब-ईन्जिनियर/असिष्टेण्ट सब-ईन्जिनियर/खा.पा.स.टे आर्किटेक्ट इन्जिनियर/सुचना प्रविधि अधिकृत/अमिन/पशु सेवा प्राविधिक/कृषि प्राविधिक- शुरु तलब स्केलको मासिक १५ प्रतिशत

ख) सवारी चालकहरुलाई-शुरु तलब स्केलको मासिक १० प्रतिशत

ग) अन्य कर्मचारीहरुको हकमा स्वीकृत भ्रमण आदेश अनुसार

१८. खाजा खर्चका सम्बन्धमा:

नगर कार्यपालिकाको कार्यालयमा कार्यरत सबै सेवा, समुह, तहका कर्मचारीहरु, वडा सचिवहरु, वडामा कार्यरत अन्य कर्मचारीहरू, स्वास्थ्य चौकीहरुमा कार्यरत कर्मचारीहरुलाई अर्को व्यवस्था नभएसम्म शुरु तलब स्केलको दश प्रतिशत मासिक खाजा खर्चका रुपमा उपलब्ध गराउने निर्णय स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

१९. इन्धन व्यवस्थाका सम्वन्धमा:

यस नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुका सम्वन्धमा राज्यले लिएको नीतिलाई समेत मध्यनजर गरी यस कार्यालयमा हुने इन्धन खपतलाई न्यूनिकरण गर्दै आन्तरिक नियन्त्रण प्रणाली अवलम्वन गरी सबै प्रकारका इन्धन प्रयोगमा नियन्त्रण गर्नुपर्ने अवस्था सिर्जना भएकाले, यस सम्वन्धमा कार्यालयको प्रयोजनार्थ सञ्चालन भएका दुई पाग्रे सवारी साधनको हकमा अर्को व्यवस्था नभएसम्मका लागि हाललाई दुई पाग्रे सरकारी सवारी साधन, सरकारी कामकाजमा प्रयोगमा रहेका निजी प्रकृतिका दुई पाग्रे सवारी साधनहरुको एकीन गरी कार्यालयले उपलब्ध गराउने मासिक रुपमा इन्धन सुविधा वरावरको रकम अन्य सुविधा स्वरुप तपसिल वमोजिम हुने गरी मासिक रुपमा कर्मचारीको खातामा पठाई यस कार्यालयबाट दुई पाग्रे सवारी साधनको लागि कुनै पनि इन्धन कुपन उपलब्ध नगराउने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने। साथै नगर प्रमुख, नगर उप प्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई कार्यालयसँग सम्वन्धित कामकाजमा सवारी साधन प्रयोग गर्दा प्रमाणित लग बुकको आधारमा इन्धन सुविधा उपलव्ध गराउने व्यवस्था मिलाउने निर्णय स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

तपशिल

सरकारी तथा निजि सवारी साधन प्रयोग तर्फ

क. फिल्डमा हिड्ने इन्जिनियरिङ तर्फका प्राविधिकहरुको लागि मासिक रु २५००।-
ख. फिल्डमा हिड्ने कृषि तथा पशुविकास तर्फका प्राविधिकहरुका लागि मासिक रु २०००।-
ग. दैनिक कार्यालय आवतजावत गर्ने कर्मचारीको लागि मासिक रु १५००।-
घ. वडा सचिव एवम् स्वास्थ्य चौकी इन्चार्जहरूका लागि मासिक रु १५००।-
ङ. कुनै विशेष परिस्थिति आइपरेमा प्रमुख प्रशासकीय अधिकृतको निर्णय अनुसार खर्च गर्ने।

नोट: निजि सवारीको हकमा कर्मचारीले बिलबुक र लाइसेन्स सहित कार्यालयको लागि प्रयोगमा आएका विवरण पेश गर्नुपर्नेछ।

२०. अतिरिक्त सुविधाका सम्वन्धमा:

क. नगरपालिकामा कार्यरत कर्मचारीहरु मध्ये कार्यालयको जिम्मेवारी तथा बिदाको दिन, साँझ बिहान् तथा कार्यालय समय भन्दा बाहिर पनि अतिरिक्त कामकाज गर्न गराउन

परेको खण्डमा प्रमुख प्रशासकीय अधिकृतको स्वीकृतिमा सुरु तलब स्केलको अधिकतम बिस प्रतिशतसम्म थप रकम सुविधाका रुपमा भुक्तानी दिने व्यवस्था मिलाउने निर्णय स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

ख: नगरपालिकाको अत्यधिक कार्य चापले गर्दा बिदाको दिन र बिहान बेलुकासमेत थप कामकाज गर्नुपर्ने र सम्पूर्ण कार्यको जिम्मेवारीका हिसावले प्रमुख प्रशासकीय अधिकृतको लागि सुरु तलब स्केलको चालिस प्रतिशत रकम थप सुविधा वापत उपलब्ध गराउने निर्णय स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

२१. <u>सरकारी सवारी साधन मर्मत सुविधाका सम्बन्धमा:</u>

यस नगर कार्यपालिकाको कार्यालयको मातहतमा रहेका शाखाहरु, वडा कार्यालयहरुमा कार्यालयको प्रयोजनार्थ सञ्चालन भएका दुई पाङ्ग्रे सवारी साधन तथा सरकारी कामकाजमा प्रयोगमा रहेका निजी प्रकृतिका दुई पाङ्ग्रे सवारी साधनहरुको एकीन गरी सवारी साधन मर्मत प्रयोजनार्थ बील भरपाईका आधारमा वार्षिक रु १५,०००।- (अक्षेरुपी पन्ध्र हजार) एकमुष्ठ उपलब्ध गराउने र अन्य मर्मत वापतको कुनै सुविधा उपलब्ध नगराउने निर्णय गरियो। काबु बाहिरको परिस्थिति भई मर्मत गर्नुपर्ने अवस्थाको सिर्जना भएको खण्डमा कार्यालयको स्वीकृतिमा मर्मत आदेशानुसार हुने निर्णय स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

२२. <u>सवारी चालकहरुको अतिरिक्त सुविधाका सम्बन्धमा:</u>

यस नगरपालिकाका नगर प्रमुखज्यू नेपाल नगरपालिका संघको गरिमामय अध्यक्ष पदमा निर्वाचित हुनु भएको र देशका सबै नगरपालिकाहरुको समग्र विकास र सुदृढीकरणमा समेत खटिनुपर्ने भएको हुदाँ नगर प्रमुखको सवारी साधन चलाउने चालकलाई अत्यधिक कार्य चाप हुने एवम् सार्वजनिक बिदाको दिन र बिहान बेलुकासमेत थप कामकाज गर्नुपर्ने भएको हुदाँ मिति २०८२ श्रावण १ गते देखी लागू हुने गरी नगर प्रमुखज्यूको सवारी चालकलाई मासिक रुपमा अतिरिक्त भत्ता स्वरुप रु १८,०००।- (अक्षेरुपी अठाहर हजार) थप सुविधा उपलब्ध गराउने निर्णय स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो। तर यसरी

भत्ता उपलब्ध गराउदा नीजलाई बुदाँ नं.१७ (ख) बमोजिमको भत्ता उपलब्ध गराइने छैन। साथै अन्य हलुका सवारी चालकहरुको हकमा समेत बुदाँ नं.१७ (ख) बमोजिमको भत्ता उपलब्ध नगराइ एवम् अन्य कुनै पनि फिल्ड भत्ता/दैनिक भ्रमण भत्ताको दावी नपुग्ने गरी मिति २०८२ श्रावण १ गते देखी लागू हुने गरी देहाय बमोजिमको व्यवस्था मिलाइ कार्यान्वयनको स्वीकृतिका लागि नगर सभामा समक्ष पेश गर्ने निर्णय गरियो।

क. हलुका सवारी साधनका सवारी चालकहरुका लागि मासिक रु ११,०००।-

२३. राशन भत्ताका सम्बन्धमा:

यस नगरपालिकाको स्वीकृत दरवन्दी अनुसार पदस्थापना भै कार्यरत नगर प्रहरीहरुका साथै हेभी सवारी चालकहरु तथा दमकल एवम् ट्रिफर ट्याक्टर तथा डोजर चालकलाई कार्य चाप एवम् अतिरिक्त कार्यसमेत गर्नुपर्ने भएकोले मिति २०८२ श्रावण १ गते देखी लागू हुने गरी प्रति दिन रु २५० का दरले राशन भत्ता उपलब्ध गराउने निर्णय स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

२४. लोककल्याणका सेवाहरुको निरन्तरताका सम्बन्धमा:

नगरपालिकाबाट विगत देखि नै सुचारु भई रहेका नागरिकका अपेक्षाकृत सेवाहरुः सुत्केरीलाई निःशुल्क एम्बुलेन्स, विपन्न परिवारलाई रु दश हजार, अन्तिम संस्कार खर्चलाई निरन्तरता दिदै विपद्मा तत्काल राहत उद्धार, कोभिड प्रतिकार्यमा प्रभावकारी व्यवस्थापन, कृषि, सहकारी, र उद्यमीहरूलाई विशेष अनुदान सहितको सहायता कार्यक्रम र सामाजिक संस्था, सहकारी, सामुदायिक, सांस्कृतिक, जातीय र धार्मिक संस्थाहरूलाई कार्यक्रमा आधारित कार्यविधि बनाई परोपकारी कार्यहरुलाई थप प्रभावकारीताकासाथ अगाडि बढाउने निर्णय स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

२५. वडा कार्यालयहरुको कार्यालय सञ्चालनार्थ प्रशासनीक तथा अन्य विविध खर्चका सम्बन्धमा:

यस नगरपालिकाबाट वडा कार्यालय सञ्चालनार्थ प्रशासनीक तथा अन्य विविध खर्च शीर्षक तर्फ विनियोजन भएको रकम वडाका वडा सचिव/कार्यालय सहायक/सहयोगीलाई आतेजाते र वडा समितिको बैठक भत्ता, अतिथि सत्कारमा हुने खर्च बापत, इन्धन/सवारी साधन

मर्मत/बस्ती/वडा भेला/बैठक/सभा/समारोह/खाजा, विज्ञापन/प्रचारप्रसार/पानी विद्युत महशुल लगायत विविध शीर्षकमा रेड बुकको वडागत शीर्षकमा छुट्टाइएको शीर्षक अनुसार वडा कार्यालयको सिफारिस समेतका आधारमा भुक्तानी गर्न सकिने र सोको भुक्तानी माग गर्दा प्रथम त्रैमासिकमा २० प्रतिशत, दोस्रो त्रैमासिकमा ३० प्रतिशत, तेस्रो त्रैमासिकमा ३० प्रतिशत, चौथो त्रैमासिकमा २० प्रतिशतका दरले माग गर्नुपर्ने र सोही अनुसार रकम भुक्तानी दिने गरी स्वीकृतिका लागि नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो। यस्तो खर्चको भुक्तानी वडागत खर्चको सीमा भित्र रही त्रैमासिक प्रतिवेदन सहितका आधारमा वडा अध्यक्षको सिफारिसमा वडा सचिव मार्फत गर्ने, उक्त शीर्षकमा विनियोजन भएको रकमको अन्तिम किस्ता भुक्तानी आषाढको १५ गतेभित्र माग गरी भुक्तानी लिई सक्नुपर्ने व्यवस्था मिलाउने निर्णय स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

२६. <u>करार सेवाका कर्मचारीहरुको करार म्याद थप गर्ने सम्बन्धमा:</u>

नगर कार्यपालिका कार्यालय तथा मातहतमा सेवारत करार तथा ज्यालादारीका कर्मचारीहरु, सुरक्षा गार्ड, सरसफाई कर्मचारीहरु, स्वास्थ्य चौकीहरुमा कार्यरत करारका कर्मचारीहरु र वडामा कार्यरत सहायक कर्मचारीहरुलाई हाल खाईपाई आएको तलबमा नघट्ने गरी आचरण र कार्य सन्तोष जनक भएसम्म अन्य सेवा सुविधा शर्तहरुको दाबी नपुग्ने गरी सेवा करारको म्याद एक बर्षका लागि थप गर्ने, तथापी कार्य सम्पादन एवम् आचरण सन्तोषजनक नभएमा सम्बन्धित कर्मचारीहरुको कामप्रति कार्यालय बिश्वस्त हुन नसकी करार सम्झौता नविकरण नगरेमा वा सम्बन्धित पदमा स्थायी दरबन्दीका कर्मचारीको पदपूर्ति वा दरबन्दी पुनसंरचना र समायोजन भएमा स्वत: करार सम्झौता खारेज हुने, साथै सेवा करारबाट म्याद थप गर्दा १ पटकमा बढीमा ६ महिना सम्मको लागि म्याद थप गर्ने निर्णय स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

२७. <u>रिक्त पद पूर्तिका लागि प्रदेश लोकसेवामा सिफारिस गर्ने सम्बन्धमा:</u>

कर्मचारीहरुको कार्य जिम्मेवारीको व्यवस्थापन गरी स्थायी रुपमा पदपूर्ति हुने रिक्त पदमा पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगमा नगर कार्यपालिकाको कार्यालयले माग फारम

भरी पठाउने व्यवस्था मिलाउने निर्णय स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

२८. स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फ सूचना प्रविधि अधिकृतको करार म्याद थप गर्ने सम्बन्धमा:

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फका सूचना प्रविधि अधिकृतलाई नेपाल सरकार एवम् प्रदेश सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमिक नघट्ने गरी सम्बन्धित निकायबाट पारिश्रमिक निकासा भई आएमा सोही अनुसार र नआएमा पनि निजको पारिश्रमिक नगरपालिकाको आन्तरिक श्रोतबाट व्यहोर्ने गरी १ वर्षका लागि म्याद थप गर्ने निर्णय स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

२९. रकमान्तर गर्ने अधिकार/अख्तियारी सम्बन्धमा:

नीलकण्ठ नगरपालिकाको आ.व. २०८२/०८३ का लागि विनियोजन भएको योजना तथा कार्यक्रम विभिन्न कारणबाट रकमान्तर गर्नुपर्ने देखिएमा स्वीकृत बजेटको सिलिङ्ग भित्र रही २५ प्रतिशतसम्म रकमान्तर गर्ने तथा थप आकस्मिक योजना-कार्यक्रमहरु कार्यान्वयन गर्नुपर्दा आवश्यकताको आधारमा बजेट विनियोजन वा तोकिएका योजना तथा कार्यक्रमहरु संशोधन गर्नुपर्ने भएमा त्यस्ता योजना तथा कार्यक्रमहरुमा बजेट विनियोजन वा संशोधन गर्ने सम्पूर्ण अख्तियारी नगरप्रमुखलाई प्रदान गर्ने र नगर कार्यपालिका तथा वडास्तरबाट निर्दिष्ट योजना तथा कार्यक्रमहरु नतोकि राखिएको बजेटबाट योजना तथा कार्यक्रम स्वीकृत गर्दा २५ प्रतिशतसम्म रकमान्तर नगरप्रमुखबाट गर्ने निर्णय स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

३०. संघीय सशर्त तथा प्रदेश सशर्त तर्फका करारका सेवा उपलब्ध हुने करारका कर्मचारीहरुका सम्बन्धमा:

प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ रोजगार संयोजक तथा अन्य सहायक कर्मचारीहरु, राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग अन्तरगत एम.आइ.एस. अपरेटर, फिल्ड सहायक, पशु सेवा शाखा अन्तर्गतका कर्मचारी लगायतका यस नगरपालिकामा खटिएका कर्मचारीहरुका

सम्बन्धमा सम्बन्धित निकायवाट पारिश्रमिक निकासा भई आएको खण्डमा मात्र म्याद थप गर्ने तर साथै आचरण र कार्य सन्तोषजनक नभएमा जुनसुकै वेला हटाउन सक्ने गरी हाललाई अन्य सेवा सुविधा एवम् शर्तहरुको दावी नपुग्ने गरी सेवा करारको म्याद एक वर्षका लागि थप गर्न र यसरी म्याद थप गर्दा एक पटकमा ६ महिनाका लागि मात्र थप गर्ने निर्णय स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो। साथै रोजगार संयोजकको करार सेवाको म्याद थप नगरी नयाँ पदपूर्ति प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

३१. <u>सक्सन भेईकल (सेप्टि ट्याङ्की सफाइ गर्ने गाडी) चालक र कामदारलाई प्रोत्सहान स्वरुप अन्य सुविधाका सम्बन्धमा:</u>

क. नगरपालिकावाट सञ्चालित सक्सन भेईकल (सेप्टि ट्याङ्की सफाई गर्ने गाडी) चालक र कामदारलाई सेवाबाट उठ्ने रकमको २५ प्रतिशत प्रोत्साहन स्वरुप दिने व्यवस्था मिलाउने निर्णय स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

ख. भारी सवारी साधन (ब्याकहोल लोडर) चालकलाई सुरु तलव स्केलको अतिरिक्त काममा खटिएको प्रमाणित लक बुकको आधारमा प्रति घण्टा रु १००।- को दरले प्रोत्साहन स्वरुप उपलव्ध गराउने निर्णय स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

३२. <u>अपाङ्गता भएका व्यक्तिहरुको (ग वर्ग) को विमाका सम्बन्धमा:</u>

"क" र "ख" वर्गको अपाङ्गता परिचयपत्र वाहकहरुको स्वास्थ्य विमा नेपाल सरकारले गर्ने भएको हुदाँ नगर क्षेत्र भित्रका "ग" वर्गको परिचयपत्र प्राप्त कर्ताको लागि वार्षिक रुपमा लाग्ने स्वास्थ्य विमा रकम मध्ये सत् प्रतिशत रकम नगरपालिकाद्वारा व्यहोर्ने निर्णय अनुमोदनका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

३३. <u>नगरपालिकावाट संकलन असुल गर्नुपर्ने राजश्व संकलनमा/वडागत रुपमा उठेको कुल राजश्वको निश्चित रकम सम्वन्धित वडाहरुलाई उपलव्ध गराउने सम्बन्धमा:</u>

यस नगरपालिकाको दोस्रो नगर सभाको पाँचौं अधिवेशनवाट निर्णय भए बमोजिम आ.व.२०८१/०८२ मा नगरपालिकावाट संकलन/असुल गर्नुपर्ने राजश्व संकलनमा वडागत रुपमा उठेको राजश्वको निश्चित प्रतिशतले हुन आउने रकम वडाको आवश्यकताको आधारमा

पूर्वाधार विकास एवम् राजश्व अभिवृद्धिमा खर्च गर्ने गरी वडाहरुलाई आ.व.२०८२/०८३ को बजेटबाट देहाय बमोजिक हुने गरी उपलब्ध गराउने निर्णय अनुमोदनका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

क. वार्षिक ५ लाख भन्दा वढी राजश्व उठाउने वडाको लागि रु ५००००।-

ख. वार्षिक १० लाख भन्दा वढी राजश्व उठाउने वडाको लागि रु १०००००।-

ग. वार्षिक २० लाख भन्दा वढी राजश्व उठाउने वडाको लागि रु २०००००।-

घ. वार्षिक ३० लाख भन्दा वढी राजश्व उठाउने वडाको लागि रु ३०००००।-

ङ. वार्षिक ४० लाख भन्दा माथि राजश्व उठाउने वडाको लागि रु ५०००००।-

च. वार्षिक ५० लाख भन्दा माथि राजश्व उठाउने वडाको लागि रु ८०००००।-

छ. वार्षिक १ करोड भन्दा माथि राजश्व उठाउने वडाको लागि रु १००००००।-

३४. <u>भगीनी सम्वन्धका सम्वन्धमा:</u>

विश्वका समृद्ध राष्ट्र एवम् छिमेशी मित्र राष्ट्रहरुका स्थानीय सरकार (महानगर, उप-महानगर, नगरहरु) सँग भगीनि सम्वन्ध स्थापना गरी सहयोग आदानप्रदान गर्ने कार्यलाइ प्रथामीकता दिँदै यसका लागि आवश्यक समन्वय र पहलका लागि सम्वन्धित निकायहरु सँग व्यवस्था मिलाउने अख्तियारी नगर कार्यपालिकालाइ अधिकार प्रत्योजन गर्ने निर्णय अनुमोदनका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

३५. बजेट निर्माणको क्रममा खटिएका कर्मचारीहरुलाई १ (एक) महिनाको बराबरको खाईपाई आएको तलब प्रोत्साहन भत्ता स्वरुप दिने निर्णय स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

३६. यस नगरपालिकाका लागि आ.व २०८२/०८३ मा हुने निर्माण ढुवानी ज्याला लगायतका दररेटलाई जिल्लाले कायम गर्ने दररेट अनुसार नै दररेट कायम गर्ने निर्णय गरियो। साथै जिल्ला दररेटमा छुट भएको दररेटहरु कायम गरी कार्यान्वयन गर्न नगर कार्यपालिकालाई अख्तियार प्रदान गर्ने निर्णय स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

३७. यस नगरपालिका र गोरखाको गोरखा नगरपालिका बीच भगिनी सम्बन्ध कायम भई विभिन्न समय र मितिमा दुई स्थानीय तहहरूबीच बैठकहरू सम्पन्न भई सकेको र आगामी आर्थिक वर्षमा पनि यस्ता कार्यहरूलाई निरन्तर दिईने हुँदा दुई पालिकाबीचको सम्बन्धलाई अझ प्रगाढ बनाउन उपयुक्त कार्यहरु संचालन गर्ने निर्णय स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

३८. यस नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणाको लागि आवश्यक बजेटको व्यवस्थापन गरी आवश्यक तयारी गर्ने र नेपाल सरकारले निर्धारण गरेका सूचकांक पुरा गरी नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गर्न आवश्यक तयारी लगायतको व्यवस्थापकीय कार्यका लागि आवश्यक पहल गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो। साथै नगरपालिकालाई बालमैत्री नगर घोषणाका लागि प्रारम्भिक रुपमा वडा नं.३,७,८ र १२ छनौट गरी आवश्यक तयारीका लागि नगर कार्यपालिकालाई अख्तियारी दिने निर्णय स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

३९. आ.व. २०८२/०८३ मा विनियोजन भएका योजना तथा कार्यक्रमहरुको विभिन्न एकाई दरमा भएको ठेक्काहरुको बोलकबोल भएको एकाईदर अनुसार बचत भएको रकमलाई सोहि योजनामा थप बजेट आवश्यक भएमा सोही योजनामा र सोही योजनामा आवश्यक नभएमा मात्र अन्य योजनामा विनियोजन गरी कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउन नगर सभामा पेश गर्ने निर्णय गरियो।

४०. यस नगरपालिकाको वडा नं. ८ स्थित रामकोट घिउरिनीटारमा औद्योगिक ग्राम निर्माणका लागि सम्झौता भै कार्यान्वयनको चरणमा रहेको हुँदा उक्त योजनाको सम्पन्नताको लागि संघ र प्रदेशमा आवश्यक क्रमागत बजेटका लागि अनुरोध गर्ने निर्णय स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

४१. यस नगरपालिकाको वडा नं. ८ स्थित तिनतले भिरमा नीलकण्ठेश्वर महादेव पार्क निर्माणका लागि सम्झौता भै कार्यान्वयनको चरणमा रहेको हुँदा उक्त योजनाको सम्पन्नताको लागि संघ

र प्रदेशमा आवश्यक क्रमागत बजेटका लागि अनुरोध गर्ने निर्णय स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

४२. नगरपालिका तथा अन्तर्गत कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहलाई सहज र सरल बनाउन थप शाखाहरु बिस्तार गर्न आवश्यक देखिएमा स्वीकृत दरबन्दिबाटै कार्य संचालन गर्ने गरी शाखा विस्तार गर्न कार्यपालिकालाई अधिकार प्रदान गर्ने निर्णय स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

४३. धादिङ फुटवल क्लबलाई भुक्तानी दिने सम्बन्धमः

धादिङ जिल्लाको फुटवल प्रवर्द्धन, प्रशिक्षण तथा नगरपालिका लगायत धादिङ जिल्ला कै फुटवल खेललाई व्यवसायिक रुपमा स्थापित गर्न गठित धादिङ फुटवल क्लबद्वारा मिति २०८१ फाल्गुन १२ गतेदेखी १७ गते सम्म सञ्चालित प्रथम सुमन स्मृति राष्ट्रिय खुल्ला फुटवल प्रतियोगिता आयोजना गरी सम्पन्न भएको हुदाँ उक्त प्रतियोगिता सञ्चालन गर्दा भएको खर्चमा नगरपालिकाको चालु आ.व. २०८१/०८२ को खेलकुद प्रवर्द्धन तर्फ विविध कार्यक्रम शिर्षकबाट खर्च हुने गरी रु १४,००,०००।- (अक्षेरुपी चौध लाख) आर्थिक सहयोग (आवश्यक बिल भर्पाइका आधारमा नियमानुसारको कर कट्टा गरी भुक्तानी) गर्ने निर्णय गरियो।

४४. जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्डको लागि आर्थिक सहयोग सम्बन्धमाः

धादिङ जिल्लामा आयोजना हुन गईरहेको १४ औं जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्डको प्रतियोगिता आयोजनाका लागि यस नगरपालिकाबाट खेलकुद प्रर्वद्वन र विकासलाई मध्य नजर गर्दै जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता आयोजनाका लागि रु ५,००,०००।- (अक्षेरुपी पाँच लाख) आर्थिक सहयोग गर्ने निर्णय गरियो। साथै उक्त खर्चमा नगरपालिकाको चालु आ.व.२०८१/०८२ को खेलकुद प्रवर्द्धन तर्फ विविध कार्यक्रमबाट (आवश्यक बिल भर्पाइका आधारमा नियमानुसारको कर कट्टा गरी भुक्तानी) गर्ने निर्णय गरियो।

४५. खुल्ला व्यायमशाला निर्माण गर्ने सम्बन्धमा:

नीलकण्ठ नगरपालिकाको स्वीकृत बजेटको परिधि भित्र रही नी.न.पा. वडा नं. ४ स्थीत रक्षस्वर महादेव मन्दिर आसपास जयन्तिडाँडामा खुल्ला व्यायमशाला निर्माण गर्ने निर्णय गरियो।

४६. सहकारी ऐन, २०७४ बमोजिम हुने गरी सञ्चालक समिति चयनका लागि पत्राचार गर्ने सम्बन्धमा:

नीलकण्ठ नगरपालिकाबाट पारित सहकारी ऐन,२०७४ बमोजिम सहकारी संस्थाहरुको सञ्चालक समिति स्वतन्त्र, निष्पक्ष र लोकतान्त्रिक प्रक्रियाबाट निर्वाचित हुनुपर्ने प्रावधान रहेको सन्दर्भमा नगरपालिकामा दर्ता/श्रेस्ता कायम भइ विनियम प्रमाणित गरिएका सहकारी संस्थाहरुले समेत सो ऐनमा तोकिएको प्रावधान अनुसार विनियम समेत संशोधन गरी सञ्चालक समितिको चयन तथा निर्वाचन प्रक्रिया अपनाउनु आवश्यक देखिएकाले सम्बन्धित सहकारी संस्थाहरुमार्फत ऐनको कार्यान्वयन सुनिश्चित गर्न आधिकारीक पत्राचार गरी जानकारी गराउने निर्णय अनुमोदनका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

४७. नीलकण्ठ नगरपालिका, धादिङ र सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश हेटौंडाको साझेदारीमा सञ्चालित गृहिणी महिला सशक्तिकरण कार्यक्रमका सम्बन्धमा:

सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश हेटौंडा र नगरपालिकाको साझेदारीमा सञ्चालन हुने गरी गृहिणी महिला शसक्तिकरण कार्यक्रम कार्यान्वयनका लागि प्रस्ताव माग भए बमोजिम उक्त कार्यक्रम यस नगरपालिकामा सञ्चालन गर्ने गरी आवश्यक प्रस्ताव तयार गरी सामाजिक विकास मन्त्रालय बागमती प्रदेश समक्ष प्रस्ताव पेश भइ उक्त कार्यक्रम स्वीकृत भएकोमा कार्यक्रम कार्यान्वयनका लागि मिति २०८१ पौष २५ गतेको कार्यपालिका बैठकको निर्णयबाट वडा नं. ५,७,९,१२,१३,१४ मा सञ्चालनका हुने गरी वडाहरु छनौट गरिएकोमा छनौट भएका वडाहरुसँग समन्वय, सहकार्य र लागत साझेदारीमा कार्यक्रम सञ्चालन गरी वडा नं. ५, ७, १२, १३ र १४ मा उक्त कार्यक्रम सम्पन्न भएको र वडा नं. ९ मा प्रथम चरणको मात्र कार्यक्रम सञ्चालन भएकोमा प्रदेश सरकार सामाजिक विकास मन्त्रालयसँगको साझेदारी कार्यक्रममा नगरपालिकाको तर्फबाट व्यहोर्ने साझेदारी (अपुग) रकम रु

९,४३,१४७।- (अक्षेरुपी नौ लाख त्रिचालिस हजार एक सय सच्चालिस रुपैया) मध्ये चालु आ.व.२०८१/०८२ को स्वीकृत कार्यक्रम अन्तर्गतको महिलाका लागि महिला जनप्रतिनिधि कार्यक्रमबाट रु ७,६०,०००।- (अक्षेरुपी सात लाख साठ्ठी हजार रुपैया) र अन्य रकम चालु आ.व. कै स्वीकृत कार्यक्रम अन्तर्गत विविध खर्च शीर्षकबाट रु १,८३,१४७।- (अक्षेरुपी एक लाख त्रियासी हजार एक सय सच्चालिस रुपैया) गरी गृहिणी महिला कार्यक्रममा खर्च भएको रकम रु ९,४३,१४७।- (अक्षेरुपी नौ लाख त्रिचालिस हजार एक सय सच्चालिस रुपैया) भुक्तानी दिने निर्णय गरियो।

४८. छात्रवृति रकम उपलब्ध गराउने सम्बन्धमा:,

नीलकण्ठ नगरपालिका वडा नं. ४ स्थित खानीगाउँमा सञ्चालित नीलकण्ठ बहुप्राविधिक शिक्षालयमा अध्ययनरत विद्यार्थीहरुका लागि नगरपालिकाको आ.व.२०८१/०८२ मा कार्यान्वयन हुने गरी सहिद स्मृति छात्रावृत्ति कोष, सहिद स्मृति प्रतिष्ठान नीलकण्ठको सहकार्य शिर्षकमा विनियोजन भएको रु ४,००,०००।- (अक्षेरुपी चार लाख) रकमबाट उक्त शिक्षालयमा विभिन्न विषयहरुमा अध्ययनरत कुल २४ जना विद्यार्थीहरुका लागि जनही १६,५००।-(अक्षेरुपी सोह्र हजार पाँच सय) को दरले हुने गरी छात्रवृति उपलब्ध गराउने निर्णय गरियो। साथै उक्त शिर्षकमा विनियोजन भएको रकम नीलकण्ठ बहुप्राविधिक शिक्षालयको खातामा जम्मा गर्ने निर्णय गरियो।

४९. योजना तथा कार्यक्रमहरु संशोधन गर्ने सम्बन्धमा:,

यस नगरपालिका अन्तर्गत आ.व. २०८१/०८२ मा कार्यान्वयन हुने नगर सभाबाट विनियोजित भएका तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरु आवश्यक संशोधन गरी कार्यान्वयन गर्ने र अनुमोदनका लागि यस पछि बस्ने नगर सभामा पेश गर्ने निर्णय गरियो।

तपसिल

तालिका नं.१

| सि.न | भएको योजनाको नाम | रकम | हुनुपर्ने नाम | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | खिलाउने भन्ज्याङ देउराली डाँडा सडक ग्राबेल नी.न.पा.२ | ६००००० | १.खिलाउने भन्ज्याङ देउराली डाँडा र वडा कार्यालय सडक स्तरोउन्नती नी.न.पा.२ | ६००००० | |

५०. दमकल व्यवस्थापनका सम्बन्धमा:

नगरपालिकाको विपद् व्यवस्थापन कार्यलाई अझ छिटोछरितो र प्रभावकारी बनाउन नगरपालिकामा रहेको दमकललाई २४ सै घण्टा संचालन हुन सक्ने व्यवस्थाका लागि थप १ जना जनशक्ति (ड्राइभर) आवश्यक देखिएकोले हाललाई नगरपालिकामै कार्यरत जनशक्ति मध्ये दमकल चलाउने सिप भएको चालकलाई हेभी सवारी चालकले पाउने थप सेवा सुविधा (तलब फरक पर्ने भए फरक परेको जति तलबमा समायोजन हुने गरी) प्रदान गरी थप कामकाजमा लगाउने निर्णय गरियो।

५१. विभिन्न शीर्षकमा बचत भएको रकम अन्य शीर्षकमा रकमान्तर गर्ने सम्बन्धमा:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ को अधिनमा रही नीलकण्ठ नगरपालिकाको दोस्रो नगर सभाको पाँचौ अधिवेशनद्वारा चालु आ.व.मा कार्यान्वयन हुने गरी विनियोजन भएका योजना तथा कार्यक्रमहरु मध्ये तपसिलका शीर्षकहरुमा बचत हुन आउने रकमहरुलाई अन्य शीर्षकहरुमा रकमान्तर गर्ने निर्णय गरियो।

तपसिल

| सि.नं. | बजेट शिर्षक | रकम | रकमान्तर गरिएको शिर्षक | रकम |
|---|---|---|---|---|
| १ | विद्यार्थी लागत अनुदान ९-१० | १७००००० | अन्य भत्ता | १०००००० |
| | | | पत्रपत्रिका छपाइ | ७००००० |
| २ | विद्यालय शैक्षिक विविध अनुदान | ४५५७५०० | अन्य सेवा शुल्क | ४००००० |
| | | | मसलन्द तथा सामाग्री | ४१५७५०० |
| ३ | विद्यार्थी लागत अनुदान ११-१२ | २४५०००० | विविध शैक्षिक अनुदान | २४५०००० |
| ४ | लेखा व्यवस्थापनको लागि सफ्टवेयर खरिद | ५००००० | विविध शैक्षिक अनुदान | ५००००० |
| ५ | कर्मचारी पारिश्रमिक | ११००००० | कर्मचारीको बैठक भत्ता | ११००००० |
| ६ | उद्धार राहत तथा पुनर्स्थापान खर्च | ३५०००० | विविध खर्च | ३५०००० |
| ७ | खानेपानी साझेदारी | ३७९४४०० | सेवा र परामर्श खर्च | २७९४४०० |
| | | | पत्रपत्रिका छपाइ तथा प्रसारण खर्च | १०००००० |
| | कुल जम्मा रु | १४४५१९०० | कुल जम्मा रु | १४४५१९०० |

५२. वन वातावरण तथा विपद् व्यवस्थापन समितिको निर्णयहरुका सम्बन्धमा:

मिति २०८२ असार ४ गते वन वातावरण तथा विपद व्यवस्थापन समितिबाट भएका सम्पूर्ण निर्णयहरु स्वीकृत गर्ने निर्णय गरियो र सो समितिबाट देहायका निर्णय उपर छलफल गरी अनुमोदन गर्ने निर्णय गरियो।

तपसिल

क. चालु आ.व.२०८१/०८२ मा नगरपालिका भित्र अत्याधिक वर्षाद्का कारण विपद्जन्य कार्यहरु वढी भएको र सिंचाइ पाइप, खानेपानी पाइपहरुमा क्षति पुऱ्याउने बगाउने तथा पुर्ने जस्ता कार्य भै खानेपानी तथा सिंचाइ नै बन्द हुने अवस्था सिर्जना भएको हुदाँ तत्काल समस्या समाधानका लागि कार्यालय स्तरवाट निर्णय भै खरिद गरी हस्तान्तरण गरिएकोमा उक्त पोलिथिन पाइपहरुको भुक्तानी विपद् व्यवस्थापन कोषवाट गर्ने गरी भएको निर्णय उपर छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो। साथै कार्यालयको निर्णयबाट भएको खरिदको अनुमोदन गरी सो कोषबाट खर्च लेख्ने निर्णय गरियो।

ख. चालु आ.व.२०८१/०८२ मा नगरपालिका भित्र हुने विपद्जन्य कार्यहरुको न्यूनिकरणका लागि एवम् विपद्वाट हुने सक्ने जोखिमलाई कम गर्न तथा तत्काल समस्या समाधान गर्नका लागि तपसिल बमोजिम आवश्यक रहेको त्रिपाल एवम् कालो पोलिथिन प्लाष्टिक खरिद गरिएकोमा सोको भुक्तानी विपद् व्यवस्थापन कोषवाट हुने व्यवस्था मिलाउने र खरिद गरिएका कालो पोलिथिन प्लाष्टिकहरु वडाहरुमा हस्तान्तरण गर्ने व्यवस्था मिलाउने गरी भएको निर्णय उपर छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो। साथै देहाय बमोजिम हुने गरी वितरण गर्ने निर्णय स्वीकृत गर्ने निर्णय गरियो।

सामानको खरिदको विवरण

- त्रिपाल १०० थान
- कालो पोलिथिन प्लाष्टिक १०० रोल

कालो पोलिथिन प्लाष्टिक देहाय बमोजिम हुने गरी हस्तान्तरण गर्ने

- वडा नं.३ र ८ मा ५/५ रोल
- बाँकी वडाहरुमा ७/७ रोल
- र बाँकी रहेका पोलिथिन प्लाष्टिक ८ रोल कार्यालयमा रहने गरी व्यवस्थापन गर्ने।

५३. यस नगरपालिकाको आ.व. २०८१/०८२ को मिति २०८२ जेठ मसान्तसम्मको बजेट तथा कार्यक्रम लगायत नगर कार्यपालिकाको कार्यालय एवम् मातहतका सम्पूर्ण शाखागत कार्यालयहरुमा दैनिक प्रशासन सञ्चालनका सन्दर्भमा भएका सम्पूर्ण कामकाज तथा कार्यसम्पादनका एवम् नगरकार्यपालिका बैठकका निर्णयका सम्बन्धमा छलफल तथा समिक्षा

गरियो। साथै नगर कार्यपालिकाको कार्यालय एवम् सम्पूर्ण मातहतका कार्यालयहरुबाट कार्यसम्पादन गर्दा सेवाग्राही तथा आम नागरिकहरुलाई केन्द्रमा राखी छिटो र सहज किसिमले पारदर्शीता कायम गरी सेवा उपलब्ध गराउन व्यवस्था मिलाउनेसमेत निर्णय गरियो।

५४. अन्य विविध विषयहरुका सम्बन्धमा....

क. नीलकण्ठ नगरपालिका वडा नं. ९ स्थीत सल्लाघारीमा निर्माणाधिन हरित वाल पार्कको शौन्दर्यताका लागि जङ्गली जनावरहरुको प्रतिमा राख्न उपयुक्त देखी सोका लागि सम्बन्धित पक्षहरुबाट दररेट माग गरेकोमा उक्त पार्कमा राख्न लागिएको तपसिल वमोजिम साइजको हात्ती र गैंडाको प्रतिमाको मुल्य जिल्ला दररेट नभएको हुदाँ प्राप्त तीन वटा विभिन्न फर्महरुबाट दररेट माग गरी औसत दररेटलाई स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

तपसिल

| सि.न | जनावरको नाम | साइज | रकम | प्रयोग हुने सामाग्री |
|---|---|---|---|---|
| १ | हात्ती | ६.८ फिट हाइट, ७.५ फिट लम्बाई, ३ फिट मोटाई | १,९५,१५०।- | फाइवर, कोबाल्ट, रेजिन, पोलिस र फलाम |
| २ | गैंडा | ४.७ फिट हाइट, ७.३ फिट लम्बाई, २.५ फिट मोटाई | १,८३,६३३।- | फाइवर, कोबाल्ट, रेजिन, पोलिस र फलाम |

ख. नीलकण्ठ नगरपालिका वडा नं.११ मा आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक योजना अन्तर्गत आकस्मिक मर्मत सम्भारमा विनियोजित रकम रु ८ लाख मध्ये २ लाखले गोलाभञ्ज्याङमा रहेको प्रवेशद्वार निर्माण गर्न स्वीकृति दिने निर्णय गरियो।

ग. नीलकण्ठ नगरपालिका भित्रको सांस्कृतिक संरक्षण तथा प्रवर्द्धनका लागि नगरपालिकाको वडा नं. १, ५ र १४ मा विभिन्न मितिमा आयोजना भएको गोरु जुधाई कार्यक्रममा गोरुको प्रोत्साहनका लागि कार्यक्रम सञ्चालन भएको वडाहरुमा दिएको रकम स्वीकृत गरी उक्त कार्यक्रममा भएको खर्च भुक्तानी दिने निर्णय गरियो।

घ. नीलकण्ठ नगरपालिकाको वडा नं. १ मा माघेसंक्रान्तीको दिन आयोजना गरिएको बृहत सांस्कृतिक कार्यक्रमका लागि तयार गरिएको मञ्च सजावट र साउण्ड सिस्टमको बिल बमोजिमको रकम स्वीकृत गरी भुक्तानी दिने निर्णय गरियो।

ङ. नीलकण्ठ नगरपालिकाको स्वीकृत बजेट शिर्षक अन्तर्गत वडागत रुपमा विनियोजना भएको बजेट सिलिङ्गमा रहि कार्यान्वनय भएको लक्षित तर्फको कार्यक्रम तर्फबाट बोयर बोका खरिद गरी वितरण भएकोमा उक्त कार्यक्रम स्वीकृत गरी भुक्तानी दिने निर्णय गरियो।